नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

## मालसामान लिलाम बिक्रिको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ दिने सूचना

सूचना नं. – ११

प्रकाशित मिति : २०८०/११/०८

राजस्व अनुसन्धान कार्यालय, इटहरीबाट अनुसन्धानको क्रममा विभिन्न मितिमा कब्जामा लिइएका सूचना दर्ता नं. १०५/०८०/०८१, २०९/०८०/०८१ र २१०/०८०/०८१ संग सम्बन्धित मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम सिलवन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू -

१. बोलपत्र सम्वन्धी कागजातहरू खरिद गर्न फर्म वा कम्पनीले निवेदन साथ नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.करमा दर्ता भएको दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपि सहित १ लाखसम्मको रु. ३००/-, १ लाख भन्दा माथि १० लाखसम्मको रु. १,०००/- तथा १० लाख भन्दा माथिकालागि रु. २,०००/- फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखाबाट रकम बुझाएको रसिद संलग्न गरी भण्डारफाँट बाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिने छ । अन्तशुल्क लाग्ने पदार्थको हकमा अन्तःशुल्क दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

२. आफुले कवोल गरेको बोलपत्र सम्वन्धी कागजातहरू कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी सिलवन्दी खाम बाहिर श्री महानिर्देशक, राजस्व अनुसन्धान विभाग, हरिहरभवन र माथिपट्टी सूचना नं., सि. नं. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिन दिनको १२.०० बजे भित्र यस विभागमा दर्ता गरी सक्नु पर्नेछ । तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सबै बोलपत्रहरू सोही दिन दिनको २.०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिहरूको रोहवरमा यस विभागमा क्रमशः खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस विभागको नेपाल बैंक लिमिटेड, गावहाल, ललितपुरमा रहेको धरौटी खाता नं. क२.३ धरौटी ०१८०१०००००२००३००००००१ मा कार्यालय कोड नं. ३०१०५३४०१ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर नै बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नु पर्नेछ ।

४. आफुले कवोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर समेत नियमानुसार लाग्ने सबै रकम बुझाई मालसामानहरु उठाई सक्नु पर्नेछ ।

६. मालसामानहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट **राजस्व अनुसन्धान कार्यालय, इटहरीमा** कार्यालय समयभित्र हेर्न सकिनेछ । बोलपत्र सम्वन्धी कागजात खरिद गर्नेहरूले मात्र मालसामानहरू हेर्न सक्नेछन् ।

७. बोलपत्र सम्वन्धी कागजातहरु खरिद गर्ने, तथा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

क्रमशः

क्रमश:

८. यस सम्वन्धी अन्य कुराहरू बुझ्न चाहेमा यस विभागमा आई बुझ्न सकिने छ ।

९. यस सम्वन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. यस विभागको धरौटी खातामा रकम जम्मा गरेको भौचर बोलपत्रसाथ धरौटी रसिद पेश नगर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरुको धरौटी रकम फिर्ता गर्न विभाग बाध्य हुने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

## तपसिल

## ७ दिने सूचना (प्रकाशित मिति : २०८०/११/०८)

| सि.नं. | मालसामानको विवरण | न्युनतम मुल्य (मु.अ.कर बाहेक) रू. |
|---|---|---|
| १. | बक्स पेन्ट १०२ पिस, सुटिङ्ग कपडा १८ मिटर, ज्याकेट २८० पिस, दरी २४८ थान, स्वीटर १४६ पिस, विन्ड चिटर १४० पिस,जीन्स पेन्ट २७० पिस, उलन सर्ट ७४० पिस, स्विट सर्ट ७०० पिस, लेडिज बान पिस ७० पिस, साडी ७६४ पिस, हाइनेक १०८ पिस, बच्चाको कपडा ५०३ पिस, चस्मा ५६० पिस, सुति कपडा ७०० थान, सेन्डो ६१९० थान, कुर्ता सलवार ९३३७ थान, सुति सारि ४२३ पिस, साडी साधारण १७४ पिस, क्रेप कपडा ३७९ मिटर, सुटिङ्ग कपडा १०३.४ मिटर, लुङ्गी ४० पिस, बच्चाको जामा ५८० पिस, बच्चा जिन्स पेन्ट १२० पिस, बच्चा टप/फ्रक २९७ पिस, बच्चा टिसर्ट/भेष्ट ७८६ पिस, जेन्स टिसर्ट/भेष्ट ५३० पिस, बच्चा कुर्था २९ पिस, बच्चा कट्टु १७७ पिस, मोजा २० दर्जन, सर्ट ६४४ पिस, रुविया कपडा १३९ मिटर, लेडिज सुट ३४४ पिस, सारी राम्रो १०७ पिस, पर्दा ३० पिस, पुजा कपडा १७५ पिस, मारकिन कपडा १६४ मिटर, बच्चा हापपेन्ट ५० पिस, बच्चा पेन्ट १४० पिस, बच्चा ट्राउजर ५२४ पिस, लेडिज टप ४७७ पिस, जेन्स पेन्ट जिन्स ४९ पिस, बच्चा जुत्ता लेडिज राम्रो १२० पिस, बाबा सुट ३२७ पिस, लेडिज सेन्डल राम्रो १४४ पिस, जर्जेट कपडा २५ मिटर, भेल्भेट ब्लाउज कपडा २४ मिटर, पुजा चुनारी १० पिस, लेडिज प्लाजो/सुरुवाल १७६ पिस, बेबी सुज ११९ जोर, सुति गम्छा ६७ पिस, बच्चा स्पोटर्स सुज १०८ जोर, ड्रेस मेटेरियल कपडा ४६४१ मीटर, पोपलिन कपडा ४८ मिटर, ब्लाउज कपडा कटपिस १५० पिस, बच्चा भेष्ट सुरुवाल १२ पिस, बच्चाको जिन्स ज्याकेट ३२५ पिस, बच्चाको जिन्स पेन्ट २३९ पिस, बच्चाको फुल भेष्ट ३७६ पिस, बच्चाको हुडी ९२ पिस, बक्स पेन्ट जिन/कटन २९८ पिस, बच्चाको कोट ९५ पिस, ट्राउजर ठुलो ११४ पिस, जेन्स हुड्डी २० पिस, सर्टीङ्ग कपडा ८४५ मिटर, बच्चा कुर्था पाईजामा १७ पिस, बण्डी १६ पिस, कोट २० पिस, सेरवानी सेट ७ पिस, सुटिङ्ग ३४७ मिटर, पुजा कपडा ५४०० मिटर, जम्पर ९४ पिस, बच्चा ट्राउजर ५७ पिस, बच्चा सेट ४५ पिस, बच्चा सर्ट १०५ पिस, बच्चा जामा ३० पिस, जेन्स सर्ट २४० पिस, लेडिज टप्स २६२५ पिस, उलन कोट कपडा १३९ पिस, उलन थर्माकोट १२० पिस, सेन्डो अमुल ७४६० पिस, टप्स प्लाजो सेट ३११४ पिस, लेडीज सुट २६९ पिस, अन्डरवेयर ५५० पिस, जेन्स कुर्तापाईजामा २५० पिस, ड्रेस मेटेरियल बुटिक कपडा ८०० पिस, साडी साधारण ७०४ पिस, बच्चा ट्राउजर मिडियम साईज १०८ पिस, बच्चा जिन्स ज्याकेट २१ पिस, बच्चा जिन्स ज्याकेट हाफ २८ पिस, स्वीटर लेडिज २८८ पिस, ज्याकेट ५ पिस, लेहेङ्गा ११ पिस, सल ७८२ पिस, लेडिज टीसर्ट २२० पिस, जेन्स पेन्ट ३३२ पिस र लेडिज सुट २१४८ पिस | १,४७,५६,२८८/-(एक करोड सतचालिस लाख छपन्न हजार दुई सय अठासी मात्र) |